PAN No.: 304954050

अन्नपूर्ण सुगर एण्ड जनरल ईण्डष्ट्रिज प्रा. लि.
ANNAPURNA SUGAR & GENERAL INDUSTRIES PVT. LTD.

मितिः २०७७ मंसिर ३० गते

# प्रेस विज्ञप्ति

आदरणीय सम्पादक ज्यू,

सञ्चारकर्मी मित्रहरु, नागरिक समाजका अगुवाहरु, नमस्कार

चिनी मिलबाट लामो समयदेखि भुक्तानी नपाएको भन्दै सर्लाहीका केही किसानहरु अहिले काठमाडौंमा आन्दोलनरत छन् । मंसिर पुसको जाडोमा यदी साच्चै पिडित किसानहरु यो आन्दोलनमा छन् भने उनीहरुप्रति हामी निकै चिन्तित र दुखी छौं । उनीहरुको समस्या तत्काल समाधान गर्न हामी तयार पनि छौं ।

हामीले यस अधिको विज्ञप्तिमार्फत पनि भनेका छौंकी गतवर्ष पुसमा सरकारसंग भएको सहमति पछि बिगत १ बर्षको अवधिमा १८ करोड रुपैयाँ किसानको बक्यौता तिरेका छौं, अझै पनि निरन्तर बक्यौता तिरेर किसानको दुःखमा मलम लगाईरहेका छौं । तर काठमाडौंमा गत आइतबारदेखि भएको आन्दोलनमा हामीले एक रुपैयाँ पनि बक्यौता नतिरेको, हामी किसानसंग सम्पर्कमा नरहेको, हामीले नियत राखेर किसानलाई दुःख दिएको जस्ता दूष्प्रचार भएकोप्रति हाम्रो गंभिर ध्यानाकर्षण भएको छ । हाम्रो स्वामित्वमा रहेको दुई वटा उद्योगको एक वर्ष अघिको ४० करोड बक्यौता घटेर २२ करोडमा आईपुग्दा पनि आन्दोलनमा रहेका मानिसहरुले हाम्रो एउटै मिलको बक्यौता ३० करोड भनी गलत प्रचार गरेका छन् । दुई वटा चिनी मिल सञ्चालन गर्न हामीले दुई अर्ब रुपैयाँ लगानी गरेका थियौं । गलत ठाउँमा उद्योग चलाएका कारण अहिले सम्म हामीले ९० करोड भन्दा बढी घाटा खाएका छौं ।

Annapurna Sugar & General Industries Pvt. Ltd. Durbar Marg, Kathmandu

कोभिडकाकारण थलिएको आर्थिक अवस्थाका बाबजुत पनि सकेको बक्यौता तिरेका पनि छौं । अन्नपूर्ण चिनी मिल बिक्रीको लागि विभिन्न इच्छुक उद्योगहरुसंग छलफल गरि अन्तिम चरणमा पुग्ने कोसिस गरेको जानकारी हामी यसै विज्ञप्तिमार्फत पुन जानकारी गराउन चाहान्छौँ । मिल बिक्री पछि हामी किसानको सबै रकम तिरेर यो दु:खबाट मुक्त हुन चाहान्छौं । तर काठमाडौं केन्द्रीत आन्दोलनमा भएको घुसपैठबारे केही कुरा भन्नै जरुरी भएपछि हामीले यो विज्ञप्ति जारी गरेका छौं ।

आन्दोलनको नेतृत्व गरिरहेका आफूलाई कृषक आन्दोलनका सचिव बताउने हरिश्याम राय बिचौलिया हुन र यो आन्दोलनको नाममा उनले हामीसंग मोलमोलाई गरेको जानकारी गराउँन चाहान्छौं । हरेक पटक हामीलाई आन्दोलनको धम्की दिएर रायले विभिन्न मितिमा हामीसंग ३ करोड ३३ लाख ९२ हजार ८९९ रुपैयाँ भुक्तानी लिएका छन् । भुक्तानी नपाएका किसानसंग उखुका पर्ची सस्तोमा किनेर हामीलाई महँगोमा बेची करोडौं रुपैयाँ रायले लिने गरेका थिए । उनको स्वार्थअनुसार हामीले पैसा दिन नसकेपछि उनी आन्दोलन भन्दै काठमाडौं आउँछन् र पुनः मोल मोलाई सुरु गर्छन् । यसमा अरु व्यक्ति पनि संलग्न रहेको हुनसक्ने हाम्रो बुझाई छ, यसको बिस्तृत र निश्पक्ष छानबिनकालागि हामी बिनम्र अनुरोध गर्दछौं । हरिश्याम रायले कति जमिनमा खेती गर्छन ? उनको उखुको उत्पादन र बिक्री कति थियो ? उनले मिलबाट पाउनु पर्ने रकम कति हो ? तर उनले सन् २०१९ को मे महिनाको २ तारिखदेखि सन् २०२० को मार्च ३ तारिखसम्म ३२ पटक गरेर हामीसंग ३ करोड ३३ लाख ९२ हजार ८९९ रुपैयाँ भुक्तानी लिएका छन् । नेपाल इन्भेष्टमेन्ट बैंकको उनको खाता नम्बर **०४४०५०५०२७६५७५** मा उद्योगले बाध्य भएर पटक पटक पैसा पठाएको छ र नगदै समेत निजलाई दिएको छ

Annapurna Sugar & General Industries Pvt. Ltd. Durbar Marg, Kathmandu

उनले हाम्रो घरमै आएर पैसा लिएको भिडियो प्रमाणसमेत हामीसंग सुरक्षित रहेको जानकारी गराउन चाहान्छौं ।

आन्दोलनको नाममा उनले हामीलाई पटक पटक धम्क्याएर ठूलो रकम असुली गरेपछि हामीले बाध्य भएर उनको गतिविधि निगरानी गरेका थियौं र अब सहनै नसक्ने गरी हामीमाथि प्रहार भएपछि यो सार्वजनिक गर्न बाध्य भएका हौं । यो सबै जानकारी हामीले सरकारलाई पनि बुझाएका छौं । हाम्रो दु:ख सञ्चार माध्यम, सरकार, राजीनितक दल वा यो देशमा उद्योगी व्यवसायीको हितमा काम गर्ने कुनै निकायले नसुनेपछि हामी बिक्षिप्छ बनेका छौं । यो देशमा रोजगारी सृजना गर्न दुई अर्ब लगानी गरेर सयौं मानिसलाई जागिर दिएको हाम्रो उद्योग र हाम्रो लगानीबारे एक पटक पनि नसोची उल्टै हामीलाई चोर, फटाहा, ठग जस्ता उपमा दिएर तिरस्कार गरिदां यो देशको उद्योगी हुँ भन्न सक्दिन, मन बेस्सरी रोएको छ । ४० करोड रुपैयाँ तिर्न नसक्नेगरी कुनै उद्योगीले दुई अर्ब प्रत्यक्ष लगानी कसरी गर्न सक्छ ? सबै घटना क्रम नियलेर बसेको छु, मेरो कुरा कुनै पनि निकायले नसुन्दा निकै नमजा लागेको छ । आवश्यक सबै प्रमाणसहित जुन सुकै निकायमा हाजिर हुन र बहश गर्न तयार छु । किसान आन्दोलनको नाममा भएको दलालको छद्म नाटक सबैले चिनौं । अन्तमा मेरो बाचा पुन: दोहोऱ्याउँछु साँच्चिकै पिडित र वास्तविक किसानको माग सम्बोधन गर्न तयार छु तर बिचौलिया र हामीलाई दु:ख दिनेलाई तत्काल कारबाही होस् ।

**नोट: निजलाई रकम पठाईएको बैंक विवरण र उनको कृषक कोड यसै विज्ञप्तिसाथ समावेश गरीएको छ ।**

Annapurna Sugar & General Industries Pvt. Ltd. Durbar Marg, Kathmandu

..........................

राकेश अग्रवाल

सञ्चालक

अन्नपूर्ण तथा इन्दिरा सुगर मिल्स

## HARISHYAM RAY

## BANK A/C- 04405050276575

## NEPAL INVESTEMENT BANK

| VILLAGE CODE | KISAN CODE | DATE | AMT | REMARKS |
|---|---|---|---|---|
| 111 | 504 | 05/02/2019 | 1,000,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 12/02/2019 | 1,000,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 18/02/2019 | 1,000,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 03/03/2019 | 2,000,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 11/03/2019 | 1,500,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 21/03/2019 | 999,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 31/03/2019 | 999,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 01/04/2019 | 1,500,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 03/04/2019 | 1,000,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 15/04/2019 | 2,000,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 21/04/2019 | 1,500,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 23/04/2019 | 1,000,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 24/04/2019 | 15,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 24/05/2019 | 500,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 28/05/2019 | 1,019,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 02/06/2019 | 300,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 12/06/2019 | 2,000,000.00 | CASH KTM OFFICE |
| 111 | 504 | 13/06/2019 | 1,998,000.00 | CASH KTM OFFICE |
| 111 | 504 | 17/06/2019 | 1,500,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 21/06/2019 | 1,000,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 08/07/2019 | 999,900.00 | BANK ACCOUNT |
| 111 | 504 | 13/08/2019 | 25,000.00 | CASH ktm 20/28 |
| 111 | 504 | 18/08/2019 | 2,000,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 18/09/2019 | 1,000,000.00 | DIPAK, RAMKISHOR |
| 111 | 504 | 23/09/2019 | 999,999.00 | BANK ACCOUNT |
| 111 | 504 | 25/09/2019 | 700,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 03/10/2019 | 600,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 09/01/2020 | 500,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 13/01/2020 | 1,138,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 05/02/2020 | 100,000.00 | CASH CMD SIR |
| 111 | 504 | 20/02/2020 | 500,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 11/03/2020 | 500,000.00 | BANK ACCOUNT |
| 111 | 504 | 18/03/2020 | 500,000.00 | BANK ACCOUNT |
| TOTAL | | | **33,392,899.00** | |

Annapurna Sugar & General Industries Pvt. Ltd.
Durbar Marg, Kathmandu